# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, जेठ २७ गते २०६५ साल (अतिरिक्ताङ्क ७

## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५२, अतिरिक्ताङ्क ८८ (क), मिति २०५९।१२।१७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबाट अर्को व्यवस्था नभएसम्मको लागि पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री वितरणको कार्य गर्न नेपाल आयल निगम लिमिटेडलाई तोकी राखेकोमा सोही ऐनको सोही दफाले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले अब उप्रान्त पेट्रोल, डिजल र मट्टितेलको आयात, भण्डारण तथा बिक्री वितरण गर्न देहाय बमोजिम गर्ने गरी निजी क्षेत्रलाई समेत खुल्ला गरेको तथा सोही ऐनको सोही दफा र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्र हवाई इन्धनको आयात, भण्डारण र बिक्री वितरण भने नेपाल आयल निगम लिमिटेडले मात्र गर्ने गरी यो आदेश जारी गरेको छ ।

२७१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) <u>इजाजतपत्र सम्बन्धी व्यवस्थाः</u>

१ पेट्रोल, डिजल वा मट्टितेलको आयात तथा आपूर्ति गर्न चाहने प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनीले इजाजतपत्रको लागि वाणिज्य विभागमा निवेदन दिनु पर्नेछ ।

२. प्रकरण १ बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन उपयुक्त देखिएमा वाणिज्य विभागले इजाजतपत्र वापत यस मन्त्रालयद्वारा तोकिएको दस्तूर लिई निवेदकलाई पेट्रोल, डिजल वा मट्टितेलको आयात तथा आपूर्ति गर्न इजाजतपत्र दिनेछ ।

३. प्रकरण २ बमोजिम प्राप्त इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले यस मन्त्रालयले तोकेको नवीकरण दस्तूर तिरी प्रत्येक आर्थिक वर्षमा नवीकरण गराउनु पर्नेछ ।

४. इजाजतपत्रवालाले पेट्रोल, डिजल वा मट्टितेल प्रत्येकको छुट्टाछुट्टै भण्डारण गर्नका लागि आफ्नै वा भाडामा लिई भण्डारण गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

५. आयातित पेट्रोल, डिजल वा मट्टि तेल नेपाल आयल निगम लिमिटेडबाट स्वीकृति प्राप्त पेट्रोल पम्पबाट समेत बिक्री वितरण गर्न सकिने छ ।

६. बिक्रेताले एक फर्म वा कम्पनीबाट बिक्रीका लागि खरीद गरेको पेट्रोल, डिजल वा मट्टितेल अर्को फर्म वा कम्पनीबाट खरीद गरेको पेट्रोल, डिजल वा मट्टितेलसँग मिश्रण गर्न पाइने छैन ।

७. आयातकर्ताले निजी स्तरबाट पेट्रोल पम्प स्थापना गरी बिक्री वितरण गर्न चाहेमा यसै मन्त्रालयले स्वीकृति गरेको मापदण्डलाई पालना गर्नु पर्नेछ ।

८. आयातित पेट्रोल, डिजल वा मट्टितेलको गुणस्तर नेपाल गुणस्तर तथा नापतौल विभागबाट सम्बन्धित भन्सार नाकामै परीक्षण गराई परीक्षणबाट स्वीकृत भएको पेट्रोलियम पदार्थ मात्र भन्डारण तथा बिक्री बितरण गर्नु पर्नेछ ।



272

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. इजाजतपत्र प्राप्त फर्म वा कम्पनीले यस मन्त्रालयले तोके बमोजिमको सुरक्षा उपाय र आगलागी नियन्त्रणका लागि अपनाउनु पर्ने आवश्यक व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

१०. पेट्रोल, डिजल वा मट्टितेलको आयात तथा आपूर्ति सम्बन्धी अन्य कार्यविधि यस मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

ख) अनुगमन तथा गुणस्तर सम्बन्धी व्यवस्था :

१. इजाजतपत्र प्राप्त फर्म वा कम्पनीले उपर्युक्त शर्त पालना गरे नगरेको तथा निर्धारित मापदण्ड अनुसार आयात तथा बिक्री वितरण गरे नगरेको विषयमा वाणिज्य विभागले अनुगमन तथा निरीक्षण गर्नेछ ।

२. नेपाल गुणस्तर तथा नापतौल विभागले नेपाल सरकारबाट निर्धारित सुरक्षा उपाय र आगलागी नियन्त्रणका लागि अपनाउनु पर्ने सुरक्षा व्यवस्था, गुणस्तरीयता, नापतौल आदि समेतको अनुगमन गर्नेछ ।

ग) नेपाल आयल निगम लिमिटेड आफैले पेट्रोलियम पदार्थको आयात, भण्डारण विक्री वितरण गर्न सक्ने साविकको व्यवस्था कायमै रहनेछ ।

खण्ड ५२, अतिरिक्ताङ्क ८८ (क), मिति २०५९।१२।१७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
पुरुषोत्तम ओझा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं.१६।०६२।६३

273

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

274

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।